पाठ - ४

# योगमाया

## शब्दभण्डार

१. दिइएका शब्द र अर्थबिच जोडा मिलाउनुहोस् :

| | शब्द | अर्थ |
|---|---|---|
| (क) | जलसमाधी | पानीमा डुबेर गरिने प्राणत्याग |
| (ख) | बडाहाकिम | राणा शासनका समयमा र त्यसपछि पनि केही समय जिल्लाको सर्वोच्च प्रशासक |
| (ग) | आर्य समाज | सनातन धर्ममा उदारता ल्याउन चलाइएको एक धार्मिक सम्प्रदाय |
| (घ) | वैधव्य | विधवा हुनुको भाव |
| (ङ) | हठयोग | पतञ्जलिद्वारा प्रतिपादित योग (यम, नियम, आदि) द्वारा शरीरलाई धेरै कष्ट दिएर चित्तवृत्तिलाई अन्तर्मुखी पार्ने योगको एक विधि पूर्वीय प्राचीन चिकित्सा पद्धति |
| (च) | प्रताडन | पीडा |
| (छ) | विचारी | मुद्दा मामिलाको निचोड खिचेर न्यायाधीसलाई अवगत गराउने व्यक्ति |
| (ज) | पञ्चाग्नि | वरिपरि पाँच किसिमको अग्नि बालेर गरिने तपस्या |

२. **पाठ पढी गाढा गरिएका पदावलीको सट्टामा मिल्ने शब्द छानेर लेख्नुहोस् :**

| | गाढा अक्षरमा दिइएका पदावली | मिल्ने शब्द |
|---|---|---|
| (क) | **सन्यास धर्म ग्रहण गरेको व्यक्ति** | सन्यासी |
| (ख) | **परम्परादेखि चल्दै आएको** | सनातन |
| (ग) | **शास्त्रीय विषयमा तर्क वितर्क** | शास्त्रार्थ |
| (घ) | **अग्निमा पसेर गरिने प्राणत्याग** | अग्निसमाधि |

३. **दिइएका शब्द प्रयोग गरी वाक्य बनाउनुहोस् :**

**स्वसिकाइ** : विद्यालय जान नपाए पनि राधाले स्वसिकाइबाट विज्ञानका धेरै कुरा बुझ्केकी छ।

**विद्रोह** : अन्धविश्वासले जकडिएको समाजका विरुद्ध विद्रोह गर्नु

आवश्यक छ।

सञ्जाल : हिजोआज सामाजिक सञ्जालको प्रयोग बढेको छ।

धाराप्रवाह : वक्ताले धाराप्रवहा आफ्ना विचार सभामा राखे।

योगसाधना : योगसाधनाले मन शान्त पार्छ भने शरीर पनि फुर्तिलो हुन्छ।

निराहार : आमा तीजको व्रतमा निराहार बस्नुहुन्छ।

वर्णाश्रम : वर्णाश्रम धर्मको पालना गर्ने मानिस धेरै छन्।

स्वेच्छिक : राधाले जागिरबाट स्वेच्छिक अवकाश लिइन्।

यज्ञस्थल : यज्ञस्थल निकै तामझामका साथ सिँगारिएको छ।

स्मृति : आफ्ना बाल्यकालका स्मृति धेरैले बिर्सेका हुँदैनन्।

४. **दिइएका शब्दहरू प्रयोग गरी एउटा अनुच्छेद लेख्नुहोस् :**
सासू, नन्द, आमाजु, सम्धी, जेठान, भदै, ससुरा

➲ नेपाली समाजका परिवारमा एकले अर्का सदस्यलाई सम्मान, आदर र माया गर्ने संस्कृति छ। बु हारीले सासूलाई सम्मान गर्छिन् भने भाउजूले नन्द आमाजूलाई माया र आदर गर्छिन्। यी परिवारमा कहिलेकाही भेटघाटका लागि आउने सम्धी र जेठानलाई अत्यन्तै आदरसम्मान गरिन्छ। फूपूले आफ्नी भदैलाई त छोरीसमान व्यवहार गर्छिन्।

## बोध र अभिव्यक्ति

१. **पाठ पढ्नुहोस् र दिइएका प्रश्नहको उत्तर भन्नुहोस् :**

(क) **योगमायाको जीवनी कति अनुच्छेदमा संरचित छ ?**
➲ योगमायाको जीवनी नौ अनुच्छेदमा संरचित छ।

(ख) **चौथो अनुच्छेदमा कतिओटा वाक्य छन् ?**
➲ चौथो अनुच्छेदमा २४ ओटा वाक्य छन्।

(ग) **दोस्रो अनुच्छेदमा योगमायाको कुन अवस्थाको वर्णन छ ?**
➲ दोस्रो अनुच्छेदमा योगमायाको विधवा अवस्था र उनले घर तथा माइतीतर्फबाट पाएका प्रताडनाको दुःखद अवस्थाको वर्णन छ।

(घ) **योगमायाको जलसमाधिको सन्दर्भ कुन अनुच्छेदमा छ ?**
➲ योगमायाको जलसमाधिको संन्दर्भ आठौँ अनुच्छेदमा छ।

२. **दिइएका वाक्यहरू जीवनीको कुन अनुच्छेदमा छन्, पत्ता लगाउनुहोस् :**

(क) उनले तपस्याका निराहार, जलाहार, अल्पहार जस्ता विधिको प्रयोग गर्थिन्। - **चौथो अनुच्छेद**

(ख) यस्ता सामाजिक धार्मिक कार्य, आर्यसमाजीहरूको सुधार चेतना र साधुसन्तहरूको सङ्गतले योगमायामा जीवन र समाजलाई हेर्ने नयाँ चेतना जागृत भइरहेको थियो। - **चौथो अनुच्छेद**

(ग) धर्मलाई राज्यले पनि मानवताको कोणबाट हेर्नुपर्छ भन्ने धारणा राखे योगमाया समन्यायमा जोड दिन्थिन्। - **नवौँ अनुच्छेद**

(घ) योगमायाले वि.सं. १९९५ को कात्तिक २७ गते शनिबारका दिन सरकारले सत्य धर्मको भिक्षा नदिए आफ्ना तमाम भक्तसहित अग्निसमाधि लिने घोषणा गरिन्। - **नवौँ अनुच्छेद**

(ङ) सत्यनिष्ठा र समतामूलक समाजको सपनाका लागि अनौठो क्रान्ति गर्ने योगमायाको देन मानव सभ्यताको स्मृतिमा अमीट छ। - **अन्तिम अनुच्छेद**

३. **दिइएका मितिमा योगमायाको जीवनसँग सम्बन्धित कुन कुन घटना भएका हुन्, भन्नुहोस् :**

➲ (क) वि.सं. १९२४ : योगमायाको जन्म

(ख) वि.सं. १९७३ : छोरी नैनकला र भाइका साथ मझुवाबेंसी पुगेकी

(ग) वि.सं. १९८२ : दासप्रथा अन्त्य हुँदा ज्यादै हर्षित भएकी

(घ) वि.सं. १९८८ : अरुण खोलाले उनको कुटी बगाएको

(ङ) वि.सं. १९९२ : खाम्पालुङ हिमाल पारि तपस्या गरेकी

(च) वि.सं. १९९३ : जुद्धशमशेरलाई भेटेकी

(छ) वि.सं. १९९५ : अग्निसमाधि लिने घोषणा गरेकी

(ज) वि.सं. १९९७ : अग्लो थुम्कामा बसेर २३ दिन तपस्या गरेकी

(झ) वि.सं. १९९८ : अरुण नदीमा जलसमाधि लिएकी

४. **जीवनीका आधारमा घटनाक्रम मिलाएर लेख्नुहोस् :**

➲ (क) विधवा हुनु र पुनर्विवाह गर्नु

(ख) भागेर माइती जानु

(ग) आर्यसमाजी हुनु

(घ) आसामबाट फर्किनु

(ङ) दीक्षा लिई सन्यासी बन्नु

(च) उफ्रौलीटारमा कुटी बनाउनु

(छ) दास प्रथा, सती प्रथाका विरुद्ध आवाज दिनु

(ज) निराहार, अल्पहार र जलाहार तपस्या गर्नु

(झ) अग्नि समाधिको घोषणा तर असफल

(ञ) जलसमाधिको तयारी र सफलता

५. **पाठको चौथो अनुच्छेद पढ्नुहोस् र सोधिएका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :**

**(क) योगमायाले कुटी बनाएका ठाउँहरूको नाम लेख्नुहोस् :**

➲ योगमायाले कुटी बनाएको ठाउँहरूको नाम यसप्रकार छ : मझुवाबेंसी, उफ्रौली टार, गौँडिनी

**(ख) मानिसहरू योगमायासँग प्रभावित हुनुको कारण के हो ?**

➲ धाराप्रवाह प्रवचन दिनसक्ने खुबीका कारण मानिसहरू योगमायासँग प्रभावित थिए।

(ग) **योगमायाले किन तपस्या गरेकी हुन् ?**

➲ साधनाको प्राप्ति र सबै प्रकारका मोहबाट मुक्तिको चाहनास्वरूप योगमायाले तपस्या गरेकी हुन् ।

(घ) **'उनी कहिले निराहार, कहिले जलाहार, कहिले अल्पहार तपस्या गर्थिन्' भन्नुको तात्पर्य के हो ?**

➲ यस भनाइको तात्पर्य उनी कहिले पानी पनि नखाइ, कहिले पानी मात्र खाएर र कहिले केही खानेकुरा/फलाहार खाएर तपस्या गर्थिन् भन्नु हो ।

(ङ) **योगमायाले जलसमाधि नलिएको भए आन्दोलनले कस्तो स्वरूप लिन्थ्यो होला, अनुमान गरी लेख्नुहोस् ।**

➲ योगमायाले जलसमाधि नलिएको भए उनका समर्थकहरू भेला भएर सत्य र धर्मका लागि अझ व्यापक रूपमा देशव्यापी आन्दोलन चर्किन्थ्यो होला ।

६. **योगमाया छुवाछूतरहित ..... अविस्मरणीय रहेको छ, जीवनीको अंश पर्दा सोधिएका प्रश्नहरूको उत्तर दिनुहोस् :**

योगमाया छुवाछुतरहित, शोषणरहित र भ्रष्टाचाररहित नेपाली समाजको खोजीमा लागिन् र शासकहरूका विरुद्ध वद्रोह गरिन् । उनले योगसाधना, ध्यान, तपस्या, प्रवचन र सामाजिक व्यवहारका माध्यमबाट सती प्रथा, दास प्रथा, छुवाछूत जस्ता कुरीतिबाट मुक्त न्यायपूर्ण समाज निर्माण गर्ने प्रयास गरिन् । तत्कालीन सामन्ती समाजका अगुवाहरूले यसलाई सुनेनन् । समाजमा सचेत विद्रोहको रूपमा रहे पनि पुराना विचारका मान्छेहरूका लागि उनका विचार रुचिकर थिएनन् । सबैतिरबाट आफ्नो विचारलाई नस्विकारिएपछि सामूहिक जलसमाधिका माध्यमबाट विद्रोहको नेतृत्व लिने योगमाया भौतिक रूपमा जलसमाधिकै मितिदेखि हामीसामु रहिनन् । सत्यनिष्ठा र समतामूलक समाजको सपनाका लागि अनौठो क्रान्ति गर्ने योगमायाको देन मानव सभ्यताको स्मृतिमा अमीट रहेको छ । उनको स्मृतिमा 'सर्वार्थ योगवाणी' नामक कृतिसमेत प्रकाशन भएको छ । अमेरिकी प्राध्यापक बारबरा निम्री अजिज र बेलायती विद्वान् माइकल हटका अनुसन्धानात्मक कृतिहरूमार्फत उनको अदम्य साहसको चर्चा नेपाली भूगोल नाघेर अमेरिका र यूरोपसम्म फैलिएको छ । उनका जीवनमा आधारित 'योगमाया' शीर्षकको उपन्यास पनि प्रकाशित छ । यसरी औपचारिक शिक्षा आर्जन गर्ने अवसर नपाए पनि योगसाधना, तपस्या, ध्यान, चिन्तन र प्रवचनका माध्यमबाट सामाजिक सचेतन विकास गर्ने योगमायाको जीवन आदर्श र सभ्य समाजको निर्माणका लागि अविस्मरणीय रहेको छ ।

(क) **योगमाया कस्तो समाजको खोजीमा लागिन् ?**

➲ योगमाया सत्य धर्म, न्याय र समानताका लागि लड्ने अथक साधक हुन् । उनले आफ्नो व्यक्तिगत जीवनमा धेरै दुःख, हन्डर र अप्ठ्याराहरूको सामना गर्नु परेको थियो । आफ्नो जीवनका समस्याहरूलाई एकातिर पन्छाएर उनी छुवाछूतरहित, शोषण रहित र भ्रष्टाचाररहित समाजको खोजीमा लागिन् । यस्तै प्रकारको समाज

निर्माणमा उनले अनेक सङ्घर्षहरू गर्दै कठिन यात्रालाई अघि बढाएकी थिइन्। उनी समाजमा व्याप्त समाज विकासका बाधकतत्त्व सतीप्रथा, दास प्रथा, छुवाछुत प्रथा अन्त्य गरी सभ्य समाजको निर्माणको खोजीमा लागेकी थिइन्। सामन्ती प्रथाको अन्त्य भई समतामूलक समाज निमौण गर्ने उनको लक्ष्य थियो।

**(ख) तत्कालीन समाजले आफ्नो विचारलाई अस्वीकार गरेपछि उनले कसरी विद्रोह गरिन् ?**

➲ समाजबाट सबै प्रकारका वेथितिहरू हटाएर, न्यायपूर्ण समतामूलक समाजको निर्माण गर्ने उनको लक्ष्य थियो। यस प्रकारको समाजको निर्माणका लागि उनले आफ्ना विचार र कार्यहरू समाज समक्ष प्रस्तुत गर्दै गइन्। तर यस प्रकारको उनको विचार सामन्ती समाजका अगुवाहरूलाई मन परेन। तिनै सामन्ती समाजका सदस्यहरूका कारण उनका विचार स्वीकार्य भएनन्। आफ्ना राम्रा विचार स्वीकार नभएपछि उनले जलसमाधिका माध्यमबाट विद्रोह गर्ने योजना बनाइन्।

**(ग) योगमायाको सम्मानमा के-कस्ता कामहरू भएका छन् ?**

➲ सत्य धर्म र समतामूलक समाजको निर्माणका लागि अनेक विद्रोह गर्दै अन्त्यमा जलसमाधि लिने अथक साधक योगमायाका कार्यको कदर गर्दै उनको सम्मानमा विभिन्न कार्य भएका छन्। उनका कार्यको सम्मानस्वरूप उनको स्मृतिमा 'सर्वार्थ योगवाणी' नामको कृति प्रकाशित भएको छ। विदेशी अध्येता बारबरा निम्री अजिज र माइकल हटले आफ्ना अनुसन्धानात्मक कृतिमा योगमायाका कार्यको चर्चा गरेका छन्। उनका जीवनी र कार्यमा आधारित 'योगमाया' शीर्षकको उपन्यास पनि प्रकाशित छ।

**७. दिइएको जीवनीको अंश पढी सोधिएका प्रश्नहरूको उत्तर लेख्नुहोस् :**

सन्यासी जीवन सुरु गरेसँगै योगमायामा सामाजिक चेतना सलबलायो। उनी धार्मिक, सामाजिक, प्रशासकि, आर्थिक तथा राजनीतिक क्षेत्रमा विद्यमान सबै खाले विकृतिहरूका बारेमा खुलेर विरोध गर्न थालिन्। उनी छुवाछुतलाई मानव सभ्यताको सबैभन्दा ठुलो कलङ्क ठान्थिन्। त्यसैले कुनै पनि सामाजिक कार्यमा मानिसहरूलाई छुत र अछुत तथा माथिल्लो जात र तल्लो जातमा छुट्याउनु घोर अपराध मान्थिन्। सनातनी परम्पराको नाममा जातका आधारमा फरक फरक कानुन प्रचलनमा रहेको त्यस समयको समाजमा छुवाछुत र जातपात नमान्नु घोर आपत्तिको विषय हुन्थ्यो। त्यस्ता व्यक्तिहरू विभिन्न दण्डका भागी हुन्थे। त्यस्तो कठोर राणाकालीन समयमा पनि उनले छुवाछुत तथा वर्णाश्रमको खुलेर विरोध गरिन्। पूजा, आराधना, भजन, कीर्तन, प्रसाद वितरण र ग्रहणमा तिनीहरूलाई सहभागी गराएर उनले आफ्नो धारणालाई व्यवहारमा पनि उतारिन्। उनका थुप्रै भक्तहरू कथिन दलित पनि थिए र उनीहरू सबै जना विनाभेदभाव सबै गतिविधिमा संलग्न हुन सक्थे। उनको आश्रममा प्रचलित यस किसिमको छुवाछुतरहित वातावरण देखेर कथिन सनातनीहरू योगमायाको खुब आलोचना गर्थे।

प्रश्नहरू

(क) **योगमायाको धर्मसम्बन्धी मान्यता कस्तो रहेको थियो ?**

➲ योगमाया धर्मका आधारमा कुनै भेदभाव गर्नु हुन्न भने मान्यता राख्थिन् । उनी धार्मिक लगायत अन्य क्षेत्रमा भएका विकृतिको विरोधमा थिइन् । छुवाछुतलाई हटाउनुपर्छ, छुवाछुत घोर अपराध हो भन्ने उनको मान्यता थियो । धर्म मानवको हितका लागि हो, धर्मले अधर्मको बाटो लाग्नु हुन्न भन्ने उनको विचार थियो ।

(ख) **पाठसमेतका आधारमा योगमायाले गरेका सुधारका प्रयासहरूको वर्णन गर्नुहोस् ।**

➲ योगमाया हाम्रा सनातन धर्म, परम्परा, चलन, रीतिरिवाजमा भएका विकृति हट्नुपर्छ भन्ने विचारमा अडिग थिइन् । उनी राजनीतिक, प्रशासनिक र कानुनी क्षेत्रमा भएका विकृति र भ्रष्टाचारको विरोधमा उत्रिएकी थिइन् । जात र धर्मका आधारमा कानुन र चलनको निर्माण हुनु हुँदैन भन्ने उनको विचार थियो । यही विचार अनुरूप तिनमा उनले सुधार गर्न विद्रोह गरिन् । उनले वर्णाश्रमको विरोध गरिन् । त्यस समयमा कथित दलित भनेर हेपिएका समुदायका मानिसलाई उनले पूजाआराधना, भजनकीर्तन तथा प्रसाद वितरणमा पनि सहभागी गराइन् । उनका यी सम्पूर्ण कार्यहरू उनले गरेका सुधारका प्रयासहरू हुन् ।

८. **उत्तर दिनुहोस् :**

(क) **योगमायाको बाल्यकाल र किशोरावस्था कस्तो रह्यो ?**

➲ योगमायाको बाल्यकाल र किशोरावस्था निकै दुःखद रह्यो । सात वर्षको उमेरमा विवाह भएर नौ वर्षको उमेरमा विधवा हुनुपर्दा उनले तत्कालिन समाजबाट निकै हैंला, घृणा सहनु परेको थियो । घरपरिवारमा पनि उनले राम्रो वातावरण पाइनन् । उनले आफै सासू नन्दको प्रताडना सहनु पर्‍यो । १४ वर्षको उमेरमा घरबाट भागेर माइती आइन् तर माइतीमा पनि घरव्यवहार चलाउन नसकेको भनी हैंला सहनु पर्‍यो । यी विभिन्न कारणले गर्दा योगमायाको बाल्यकाल र किशोरावस्था निकै कष्टका साथ बित्यो ।

(ख) **योगमाया कसरी आध्यात्मिक विषयमा आकृष्ट भइन् ?**

➲ बालककालमै विधवा हुन पुगेकी योगमायाको बाल्यकाल र किशोरावस्था निकै दुःखका साथ बित्यो । घर र माइती दुवैतिरबाट अपहेलित भएपछि उनी भारतको आसाम पुगेकी थिइन् । उनले त्यहाँ धार्मिक र सामाजिक कार्यमा लाग्ने अवसर प्राप्त गरिन् । उनी त्यहाँ विभिन्न आर्यसमाजीहरू र साधुसन्तहरूको सङ्गतमा पुगिन् । त्यसबेला त्यहाँ अङ्ग्रेजविरोधी आन्दोलन पनि चलिरहेको थियो । उनलाई आफू बाँचेको हुर्केको समाजका आर्थिक, सामाजिक गतिविधि मन परेको थिएन । उनी आर्थिक गतिविधिबाट मुक्त हुँदै गइन् । यसेबाट उनको जीवनमा बैराग्यको बीजारोपण भयो र उनी आध्यात्मिक विषयमा आकृष्ट भइन् ।

(ग) **योगमायाको साधना र तपस्याका बारेमा उल्लेख गर्नुहोस् :**

➲ योगमाया अथक साधक र तपस्वी हुन् । सत्य धर्म र न्यायका लागि जीवन समर्पण गर्ने योगमायाले कठोर तपस्या र साधना गरेकी छिन् । उनी कयौं दिन पानीसम्म

नखाइ तपस्या गर्थिन् भने कहिले पानीमात्र पिएर र कहिले थोरै खानेकुरा खाएर आफ्नो तपस्यामा लीन हुन्थिन् । उनी कयौँ दिन नदीमा आधा शरीर डुबाएर बस्थिन् । उनी कहिले पञ्चाग्नि तापेर बस्थिन् भने कहिले हिमाली चिसोमा तपस्यारत रहन्थिन् । उनले एकपटक एउटा अग्लो थुम्कामा बसेर २३ दिनसम्म तपस्या गरेकी थिइन् । आफ्नो लक्ष्य प्राप्तिका लागि उनले कठोर तपस्या र साधनाको मार्ग अपनाएकी थिइन् ।

(घ) **योगमायाको अग्नि समाधिको योजना कसरी असफल भयो ?**

➲ राज्यसत्ताले सत्य, धर्म र न्यायको रक्षा नगरेको हुनाले त्यसको विरोधस्वरूप आफ्ना सहयोगीहरूसाथ योगमायाले वि.सं. १९९५ कात्तिक २७ गते अग्निसमाधि लिने घोषणा गरेकी थिइन् । उनको यस प्रकारको विद्रोही कार्यलाई तत्कालीन राणा सरकारले सफल हुन दिएन । अग्नि समाधिको एकदिन पहिले नै धनकुटाबाट गएको वडाहाकिमको टोली र भोजपुरबाट खटिएको टोलीले समाधिस्थललाई घेरा हाल्यो र यसलाई विथोल्ने कार्य गरे । योगमायाका सहयोगी भक्तहरूलाई एउटा पाटीमा बन्दीसमेत बनायो भने ११ जनालााई धनकुटाको जेल चलान गऱ्यो । यसरी तत्कालीन सरकारले बलपूर्वक अग्निसमाधिको योजनालाई विफल पाऱ्यो ।

(ङ) **योगमायाको जीवनीबाट पाइने शिक्षा के हो ?**

➲ योगमायाको जीवनबाट मानव जीवनमा आइपर्ने विभिन्न कठिनाइहरूलाई डटेर सामना गर्दै समाजका विकृति हटाउन जीवन समर्पण गर्नुपर्छ भन्ने शिक्षा पाइन्छ । हाम्रो समाजमा विद्यमान विकृति हटाउन तथा राज्यसरकारका तर्फबाट निर्माण गरिने र गरिएका भेदभावपूर्ण कानुनको विरोध गरी समतामूलक समाजको निर्माणमा जोड दिनुपर्छ । समाजबाट छुवाछूत, धार्मिक विभेद, जातीय विभेदको अन्त्यका लागि जस्तोसुकै कठिन मार्ग लिन पनि तयार हुनुपर्छ भन्ने शिक्षा योगमायाको जीवनबाट पाइन्छ । यसका साथै उनको जीवनीबाट आर्थिक मोहमा नपरी आध्यात्मिक जीवनको मार्ग रोज्न सक्नुपर्छ भन्ने शिक्षा पनि पाइन्छ ।

९. **व्याख्या गर्नुहोस् :**

(क) **यी तपस्याका विविध मोहहरूको मुख्य उद्देश्य जीवनका लोभ र मोहबाट मुक्त हुँदै समाज सुधारको चाहना राख्नु थियो ।**

➲ योगमाया सत्य र न्यायको राज्य स्थापना गर्नका लागि जीवन समर्पण गर्ने अथक योद्धा हुन् । आफ्नो जीवनकालमा सत्य र न्यायको समतामूलक समाजको स्थापनाका लागि सङ्घर्ष गरेकी योगमायाले अन्यायी राज्यका विरुद्ध विद्रोहको नयाँ स्वरूप गृहण गर्दै आफ्ना सहकर्मीसहित जलसमाधि लिइन् । योगमायाले निकै वर्ष तपस्या गरिन् । उनी व्यक्तिगत स्वार्थ, लोक, मोह र वैभवका पछि लागिनन् । उनी आफ्नो लक्ष्य प्राप्तिका लागि पटक पटक निराहार, जलाहार र अल्पहार व्रत तथा तपस्यामा लीन रहिन् । उनले आधा शरीर पानीमा डुबाएर र हिमालको चिसो वातावरणमा पनि तपस्या गरिन् । योगमायाले अपनाएका उल्लिखित कठोर तपस्याको एउटै लक्ष्य लोभ र मोहबाट मुक्त हुँदै समाज सुधार थियो ।

योगमाया व्यक्तिगत स्वार्थमा परिनन् । सानै उमेरमा विधवा बनेर अन्धविश्वासी समाजको प्रताडनाको सिकार बन्न पुगेकी योगमायाले समाजसुधारका लागि तत्कालीन राणाशासकसँग पनि आफ्ना मागहरू राखिन् । शासकसमक्ष निडरतापूर्वक सत्य, धर्म र समाज सुधारको इच्छा व्यक्त गरेकी योगमायाले अन्यायी शासकलाई चुनौती दिन कठोर तपस्या तथा जलसमाधिको मार्ग रोजिन् । तपस्याबाट नै व्यक्तिगत लोभ, मोह हटेर जान्छन् र समाज सुधार गर्न सकिन्छ भन्ने उनको ध्येय थियो ।

१०. **सत्यनिष्ठा र समतामूलक समाजको स्थापनामा योगमायाले दिएको योगदानको चर्चा गर्नुहोस् :**

➲ योगमाया सत्यनिष्ठा र समतामूलक समाजको स्थापनामा जोड दिँदै त्यसैमा जीवन समर्पण गर्ने महान् तपस्वी हुन् । वि.सं. १९२४ मा भोजपुर जिल्लाको न्यौपाने परिवारमा जन्मेकी योगमायाको विवाह सात वर्षको उमेरमा भएको थियो । उनी नौ वर्षकी हुँदा बाल विधवा बन्न पुगिन् । तत्कालीन समाजको विकृतिका कारण उनले धेरै कष्ट सहनु पर्‍यो । उनले जीवनका विभिन्न दुःखद मोडहरू पार गर्दै, समाजका कुकृत्य, जातीय भेदभाव, लैङ्गिक भेदभाव आदिलाई बुझ्दै तिनका विरुद्ध सङ्घर्ष गर्ने योजना र त्यसतर्फका कार्यमा उनी अडिग रहिन् ।

समाजमा लैङ्गिक भेदभाव हुनुहुन्न, अधर्मले ठाउँ पाउनु हुन्न, जातीय भेदभावको अन्त्य हुनुपर्छ भन्ने कुरामा उनी प्रष्ट थिइन् र आफ्नो आश्रममा आउनेहरूलाई पनि योगमाया यस्तै कुरामा प्रवचन दिन्थिन् । उनका प्रवचनले मानिसमा चेतनाका लहर ल्याउने काम गर्‍यो । योगमायाको जीवनकालमा सत्यनिष्ठा र समतामूलक समाज स्थापनामा विभिन्न बाधाहरू उत्पन्न भए । तत्कालीन राज्यसरकारले समेत उनका कार्ययोजनालाई विफल पार्ने काम गर्‍यो तर योगमायाले फैलाएका समानताका विचारहरूलाई भने दबाउन सकेन । उनको जीवनकालमा उनका योजना सफल हुन सकेनन् यद्यपि उनले नेपाली समाजमा जुन चेतना फैलाउने र मार्ग देखाउने काम गरे ती समतामूलक समाज निर्माणका लागि सशक्त बीजका रूपमा रोपिए । उनले रोपेका बीजबाटै सत्यनिष्ठा र समतामूलक समाजको स्थापनामा प्रशस्त बल पुगेकाले योगमायाको योगदान अविस्मरणीय रहेको छ ।

योगमायाले जीवनको लक्ष्य नै सत्यनिष्ठा र समतामूलक समाजको स्थापना थियो । यस लक्ष्य प्राप्तिका लागि उनले कठोर तपस्याको मार्ग अवलम्बन गरिन् । उनी धर्म भनेकै मानव हित हो भन्ने विचारमा अडिग थिइन् । तत्कालीन समाजमा साहुमहाजनले गरिब वर्गलाई हेप्ने तथा तिनबाट चर्को व्याज असुल्ने गर्थे । योगमायाले यस्तो अन्यायको खुलेर विरोध गरिन् । उनको समाजमा रहेको छुवाछुत तथा जातीय भेदभावलाई उनी घोर आपत्तिको विषय मान्थिन् र यसका विरुद्ध उनले चेतना फैलाउने काम गरिन् । उनी तत्कालनि समयमा कथित दलित भनिएकालाई पूजा, आराधना, भजनकीर्तन तथा प्रसाद वितरणमा सहभागी गराएर उनले विरोधका स्वरूपलाई अँगालिन् । उनी सबै मानिस समान हुन् भन्ने धारणा

राखिथिन्। योगमायाले सत्यधर्म र समतामूलक समाजको निर्माणका लागि जीवन समर्पण गरेकी हुनाले उनको योगदान अमूल्य छ।

११. **दिइएको अनुच्छेद पढ्नुहोस् र सोधिएका प्रश्नहरूको उत्तर लेख्नुहोस् :**

➲ वर्तमान युग विज्ञान र प्रविधिको युग हो। विज्ञानले विविध क्षेत्रमा गरेको प्रगतिले वर्तमान युग सुविधायुक्त बन्न पुगेको छ। टेलिफोनको आविष्कारले गर्दा संसारका कुना कुनामा तुरुन्तै सम्पर्क गरी दोहोरो कुराकानी गर्न सम्भव भएको छ। रेडियो र टेलिभिजनका माध्यमबाट विश्वमा घटेका विभिन्न घटनाहरूका बारेमा घरैमा बसी बसी समाचार सुन्न र हेर्न सक्ने सुविधा सबैलाई उपलब्ध भएको छ। यसैगरी रेल, मोटर, पानीजहाज, हवाईजहाज जस्ता यातायातका साधनहरूले टाढा टाढाको गन्तव्यलाई पनि सुगम तुल्याइदिएका छन्। वैज्ञानिक क्षे त्रमा भएको आशातीत प्रगतिले गर्दा घरायसी कामदेखि लिएर कृषि, उद्योग, वाणिज्य आदि क्षेत्रमा मानवीय जीवनपद्धति सुखी, सम्पन्न र सुविधायुक्त बन्न पुगेको छ। मानिसले आर्जन गरेको अभूतपूर्व ज्ञान, निरन्तर कडा मिहिनेत र अनुसन्धानको परिणाम स्वरूप 'यन्त्रमानव' आविष्कार गर्ने महत्त्वपूर्ण कार्यमा समेत सफलता प्राप्त भएको छ। यन्त्रमानव भनेको मानिसले जस्तै काम गर्न सक्ने एउटा स्वचालित यन्त्र हो। यसले मानिसलाई वैज्ञानिक, औद्योगिक, घरायसी आदि विविध क्षेत्रमा सघाउने काम गर्छ।

**प्रश्नहरू**

(क) **सञ्चारका माध्यम तथा यातायातका साधनले संसारलाई कसरी नजिक बनाएको छ ?**

➲ सञ्चारका माध्यम तथा यातायातका साधन मार्फत् विश्वमा घटेका घटना तुरुन्तै जानकारी पाउन र बुझ्न सकिने र यातायातका साधन प्रयोग गरी विश्वका जुनसुकै कुनामा सजिलै भ्रमण गर्न सकिने भएकाले संसार नजिक भएको छ।

(ख) **यन्त्र मानवले मानिसलाई कसरी सघाउँछ ?**

➲ यन्त्रमानवले वैज्ञानिक, औद्योगिक, घरायसी आदि क्षेत्रमा सामान्य मानिसले जस्तै काम गरेर सघाउँछ।

(ग) **वैज्ञानिक क्षेत्रमा भएको आशातीत प्रगतिले मानव जीवनलाई कस्तो बनाएको छ ?**

➲ वैज्ञानिक क्षेत्रमा भएको आशातीत प्रगतिले मानव जीवन सुखी, सम्पन्न र सुविधायुक्त बन्न पुगेको छ।

(घ) **वैज्ञानिक र अनुसन्धान शब्दका निर्माण प्रक्रिया देखाउनुहोस् :**

➲ वैज्ञानिक - विज्ञान + इक

अनुसन्धान - अनु + सन्धान

१२. **दिइएको अनुच्छेद पढ्नुहोस् र सोधिएका प्रश्नहरूको उत्तर दिनुहोस् :**

➲ सरकारले **निषेधाज्ञा** जारी गरेकै समयमा पूर्ण **इजलास**ले उसलाई **कायलनामा** गराएर **गैरन्यायिक** काम गरेको भन्दै **उत्प्रेषण** गरिपाऊँ भनी दिएको निवेदन

**मुल्तबी**मा राखिदिएछन् । **जमानी** बस्न गएको जयमङ्गल **हदम्याद**को कुरै नबुझी **सनाखत** गरेर हिँडेछ । **पेटबोली**मा केही कुरै नखेली थुनछेक बहसमा कसिएका "जनकजी पुनरावेदन गर्न पाउने अधिकार पूर्ण सुरक्षित छ, अहिले विषयवस्तुको **तहकिकात** गरौँ" भन्दै पन्छिन खोजे । उसले पनि **"बन्दसवाल**, तहकिकात, **सकारनामा, दरपिठ** जे जे गर्ने गरौँला । यो महामारीको समयमा **हाजिरजमानी** छाड्न मिल्ला नि ! बरु तारिख पाऊँ" भन्दै हात जोड्यो ।

प्रश्नहरू

(क) **सरकारले किन निषेधाज्ञा जारी गरेको हो ?**

➲ महामारीका कारण सरकारले निषेधाज्ञा जारी गरेको हो ।

(ख) **जयमङ्गलले कसरी सनाखत गरेर हिँडेछ ?**

➲ जयमङ्गल हदम्यादको कुरै नबुझी सनाखत गरेर हिँडेछ।

(ग) **माथिको पाठमा ऊ भनेको को होला ?**

➲ माथिको पाठमा ऊ भनेको जयमङ्गल हो।

(घ) **शब्दकोशको सहायता लिई माथिका पाठमा आएका गाढा शब्दहरूको अर्थ लेख्नुहोस् ।**

➲

| शब्द | अर्थ |
|---|---|
| **निषेधाज्ञा** | कतैकहीँ कुनै अवाञ्छित काम भए-गरेमा वा गर्ने आशङ्का देखिएमा त्यसबाट हानी हुने पक्षले अदालतमा उजुरी परेको बखत सम्बन्धित अदालतबाट त्यस्तो कार्य नगर्न प्रतिवादी पक्षलाई दिइने आदेश। |
| **इजलास** | मुद्दा बहस हुँदा न्यायाधीश बस्ने ठाउँ, बेन्च |
| **कायलनामा** | अपराध, कसूर वा गल्ती स्वीकार गरी लेखिदिने कागत |
| **पेटबोली** | निवेदनपत्र, फिरादपत्र, प्रतिउत्तरपत्र आदिको मूल बेहोरामा लेखिएको कुरा |
| **गैरन्यायिक** | |
| **उत्प्रेषण** | तल्लो तहका अदालतले गरेका कारबाईको पुरावलोकन गर्ने समावेदश |
| **मुल्तबी** | मुलतबी |
| **हदम्याद** | निर्धारित समय |
| **सनाखत** | अड्डाखानामा सम्बन्धित व्यक्तिका सामुन्ने यो काम वा कुरो मैले गरेको हुँ भन्ने बेहोरा लेखी प्रमाणस्वरूप गर्ने सही छाप |
| **तहकिकात** | पक्कापक्की, तय |
| **बन्दसवाल** | लिखित प्रश्नावली पठाई बकाएका साक्षी वा व्यक्तिको बकपत्र |
| **सकारनामा** | मञ्जुरनामा |

| | |
|---|---|
| **दरपिठ** | अड्डा–अदालतमा दर्ता लगिएका फिराद, उजुरी वा प्रमाणका निम्ति पेस गरिने कागतपत्र कानुनमा नलाग्ने, रीत नपुगेको वा सो अड्डा अदालतको अधिकार क्षेत्रमा नपर्ने भनी सम्बन्धित अधिकारीले उक्त बेहोरामध्ये कुनै वा सबै खोलेर कागतको पीठमा लेखिदिने मन्तव्य |
| **हाजिरजमानी** | कुनै अपराध वा काम कुरामा लगेको मानिस अड्डाले खोजेको बखत हाजिर गराउँला भनी बीचको मानिसले आफूजमानी भई लेखिदिने कागत |

## सुनाइ र बोलाइ

१. **सुनाइ पाठ ४ का आधारमा दिइएको खाली ठाउँमा मिल्ने शब्द भर्नुहोस् :**

**जयपृथ्वीबहादुर सिंह**

जयपृथ्वीबहादुर सिंहको जन्म बझाङको चैनपुरमा वि.सं. १९३४ मा भएको थियो । बझाङ्गी राजा विक्रमबहादुर सिंह र रानी रुद्रकुमारी सिंहको सन्तानका रूपमा राजपरिवारमा जन्मेका जयपृथ्वीले आई. ए. सम्मको औपचारिक शिक्षा हासिल गरेका थिए ।

जयपृथ्वीबहादुर सिंह बहुमुखी प्रतिभाका कनी व्यक्ति हुन् । सत्यवादी प्राथमिक पाठशाला खोली आफैँ शिक्षणमा खनिएका सिंहले 'अक्षराङ्क शिक्षा', 'व्यवहारमाला', 'स्रेस्ताबोध', 'शिक्षा दर्पण', 'प्राकृत व्याकरण', 'पदार्थ तत्त्व विवेक', 'भूगोल शिक्षा' जस्ता दर्जनौ पाठ्यपुस्तक लेखेका छन् । उनलाई नेपालका आधुनिक शिक्षाका जनक पनि भनिन्छ । नेपालको लामो इतिहास बोकेको गोरखापत्रका प्रधानाध्यापक र व्यवस्थापक भई पत्रकार, सम्पादक र व्यवस्थापनका रूपमा पनि चिनिएका छन् । त्यस्तै आफ्नो गाउँठाउँमा गोरेटो, घोडेटो, पुल बनाएर, हाट लगाएर, विभिन्न व्यक्तिलाई सिप सिक्न सहर पठाएर, पाठशाला खोलेर, समाज सुधारका अनेक गतिविधिको नेतृत्व गरेका थिए । यसका अलावा संसारका सबै मानिस एउटै हुन् भन्ने मानवतावादी विचारका पषधर सिंहले युद्धभूमिमै गई घाइतेहरूको उपचारसमेत गरेका थिए । उनी कलकत्तामा रहँदा वकिल तथा नेपालका तर्फबाट कूटनीतिज्ञका रूपमा काम पनि गरेका थिए ।

निष्कर्षमा जयपृथ्वीबहादुर सिंह नेपाल आमाका त्यस्ता महान् सन्तती हुन्, जो एक्लैमा शिक्षासेवी, लेखक, व्याकरणकार, पत्रकार, सम्पादक, व्यवस्थापक, समाजसुधारक, मानवतावादी विचारक, वकिल तथा कूटनीतिज्ञका रूपमा भूमिका निर्वाह गर्न सफल भए ।

(क) जयपृथ्वीबहादुर सिंहले आइ. ए. सम्मको औपचारिक शिक्षा लिएका थिए ।

(ख) जयपृथ्वीबहादुर सिंहलाई आधुनिक शिक्षाका जनक मानिन्छ ।

(ग) जयपृथ्वीबहादुर सिंहले नेपालको जेठो पत्रिका गोरखापत्रको सम्पादक भई काम गरेका थिए।

(घ) जयपृथ्वीबहादुर सिंहले कलकत्तामा रहँदा कूटनीतिज्ञका भूमिका निर्वाह गरेका थिए।

(ङ) जयपृथवीबहादुर सिंह मानवतावादी विचारक थिए।

२. **सुनाइ पाठ ४ का आधारमा छोटो उत्तर दिनुहोस् :**

(क) **जयपृथ्वीबहादुर सिंहले कस्ता कार्य गरेका थिए ?**

➲ जयपृथ्वीबहादुर सिंहले पुस्तक लेखनकार्य, भोतिक निर्माण कार्य, यातायातसँग सम्बन्धित कार्य र जनताको सीप प्रवर्धनमा सहयोग पुग्ने मानवतावादी कार्य गरेका थिए।

(ख) **जयपृथ्वीबहादुर सिंहले कतिसम्म औपचारिक शिक्षा हासिल गरेका थिए ?**

➲ उनले आइ. ए. सम्मको औपचारिक शिक्षा हासिल गरेका थिए।

(ग) **जयपृथ्वीबहादुर सिंहले कुन कुन क्षेत्रमा भूमिका निर्वाह गरे ?**

➲ जयपृथ्वीबहादुर सिंहले शिक्षा, पत्रकारिता, समाजसेवा, कूटनीति आदि क्षेत्रमा भूमिका निर्वाह गरे।

३. **सुनाइ पाठ ४ का आधारमा उत्तर भन्नुहोस् :**

(क) **जयपृथ्वीबहादुर सिंहले के कस्ता पाठ्यपुस्तक लेखेका थिए ?**

➲ उनले 'अक्षराङ्क शिक्षा', 'व्यवहारमाला', 'स्नेसताबोध', 'शिक्षा दर्पण', 'प्राकृत व्याकरण', 'पदार्थ तत्त्व विवेक', 'भूगोल' शिक्षा जस्ता पुस्तक लेखेका थिए।

(ख) **जयपृथ्वीबहादुर सिंहलाई किन बहुमुखी प्रतिभाका धनी व्यक्तित्व मानिन्छ ?**

➲ उनमा शिक्षा, पत्रकारिता, लेखन, सम्पादन, कूटनीति आदि क्षेत्रको प्रशस्त ज्ञान भएकाले र त्यसै अनुरूप कार्य गरेकाले बहुमुखी प्रतिभाका धनी व्यक्तित्व भनिन्छ।

## भाषातत्त्व

### नामयोगी

१. **दिइएका वाक्यमा नामयोगी पहिचान गरी लेख्नुहोस् :**

(क) **उनीहरूसित बन्दुक छ।**

➲ सित

(ख) **छानामाथि घिरौला छ।**

➲ माथि

(ग) **रमेश घाटतर्फ लाग्यो ।**

➲ तर्फ

(घ) **रूखबाट पात झऱ्यो ।**

➲ बाट

(ङ) **ऊबाहेक कोही बोलेनन् ।**

➲ बाहेक

(च) **जीवनभरि सुख पाइएन ।**

➲ भरि

२. **दिइएको जीवनीको अंशबाट १० ओटा नामयोगी टिप्नुहोस् :**

योगमायासित शैक्षिक योग्यताको प्रमाणपत्र थिएन तर आफ्नो युगलाई बुझ्ने अन्तरदृष्टि थियो । समयको उल्टो गतिअनुसार बहन होइन, समयको धारलाई नै सही दिशापट्टि डोहोऱ्याउने साहस उनमा थियो । उनीसँग आफूबाहेक केही थिएन तर काव्यात्मक प्रवचनमार्फत् दुनियाँलाई आफ्नो एक इसारामा विद्रोहका निम्ति मृत्युसम्म स्विकार्ने बनाउन सक्ने कौशल थियो । अत्याचारमाथि निर्भयसाथ प्रहार गर्ने आँट थियो ।

➲ सित, अनुसार, पट्टि, सँग, बाहेक, मार्फत्, सम्म, माथि, साथ

३. **योगमाया पाठबाट १० ओटा नामयोगी टिपी वाक्यमा प्रयोग गर्नुहोस् :**

➲

(क) अनुसार : बुद्धका अनुसार सेवा नै धर्म हो ।

(ख) समेत : तिमी झोला, किताबकापी र खाजासमेत लिएर विद्यालय जाऊ ।

(ग) सम्म : हिजोआज रारासम्म नै जिप पुग्छ ?

(घ) सँग : मान्यजनसँग नम्र भएर बोल है ।

(ङ) तर्फ : नेपाल समृद्धितर्फ कहिले लाग्ला ?

(च) बाहेक : जागिरबाहेक पनि रमेश केही गर्दै छ ।

(छ) सहित : योगमाया आफ्ना भक्तसहित उफ्रौलीटार सरिनन् ।

(ज) बाट : तिमीबाट यो काम होला है ।

(झ) पछि : दोस्रो विवाहपछि पनि योगमायाले पति वियोग सहनु पऱ्यो ।

(ञ) तिर : उनी तराईतिर बसाईं सरे ।

## क्रियायोगी

१. **दिइएका क्रियायोगी पहिचान गरी लेख्नुहोस् :**

➲ हिजो, साँझरित, पारि, भर्खर, त्यता, जाने, ढिलो, ज्यादै, विस्तारै, डराइडराइकन, पढ्न

२. **दिइएको अनुच्छेदबाट १२ ओटा क्रियायोगी टिप्नुहोस् :**

अस्ति म निकै ढिलो घर फर्कें । बाटो खुला थियो तापनि मैले बेतोडले गाडी कुदाइनँ । गललीमा यत्रतत्र भुस्याहा कुकुरहरू थिए । कुकुरहरू बिनसित्ती

भुकिरहेका थिए । कुनै कुनै पसल राति अबेरसम्म खुलै थिए । केही बटुवा लडखडाउँदै हिँडिरहेका थिए । मलाई त्यहाँ छुट्टै दुनियाँ छ जस्तो लाग्यो । गल्ली ज्यादै साँघुरो नभए पनि राम्ररी फैलन नपाएको जस्तो थियो ।

➲ अस्ति, निकै, ढिलो, बेतोड, यत्रतत्र, बिनसित्ति, राति, अबेरसम्म, लडखडाउँदै, त्यहाँ, ज्यादै, राम्ररी ।

३. **पाठमा प्रयुक्त १० ओटा क्रियायोगी टिपी वाक्यमा प्रयोग गर्नुहोस् :**

➲

| | | |
|---|---|---|
| (क) **जन्मेर** | : | विकट गाउँमा जन्मेर पनि योगमायाले महिला मुक्तिका लागि आन्दोलन गरन् । |
| (ख) **नपाएर** | : | युवाहरू देशमा काम नपाएर विदेश लाग्न बाध्य छन् । |
| (ग) **नपाउँदै** | : | आमा घर आउन नपाउँदै भाइले बाटैमा पैसा माग्यो । |
| (घ) **उमेरसम्म** | : | सानो उमेरसम्म त अभिभावकले रेखदेख गर्छन् । |
| (ङ) **भागेर** | : | साहिलो भागेर सिनेमा हेर्न गयो । |
| (च) **बिस्तारै** | : | आफ्ना काम हतार नगरी बिस्तारै गरौँ । |
| (छ) **वर्षपछि** | : | हरिश्चन्द्र एक वर्षपछि घर फर्कियो । |
| (ज) **पढाएर** | : | उनले गाउँलेलाई प्रौढशिक्षा पढाएर राम्रो काम गरे । |
| (झ) **ढिलो** | : | भाइ ढिलो हिँड्यो । |
| (ञ) **बलपूर्वक** | : | योगमायाले गरेको आन्दोलन बलपूर्वक दबाइयो । |

## संयोजक

१. **दिइएका वाक्य पढी संयोजक पहिचान गर्नुहोस् :**

(क) उसले घर र बारी किन्यो ।

➲ र

(ख) बोटमा काँडा थिए तापनि फूल सुन्दर थियो ।

➲ तापनि

(ग) तिम्रो भाइ एवम् मेरो छोरो सँगै बस्छन् रे ।

➲ एवम्

(घ) मैले त्यो नयाँ घर वा यो पुरानो गाढी किन्ने विचार गरेको छु ।

➲ वा

(ङ) उनीहरू घर गए अनि पढ्न थालिहाले ।

➲ अनि

(च) केटाहरू त्यहाँ पुगे तर केटीहरू भागिसकेका रहेछन् ।

➲ तर

२. **योगमाया पाठबाट १० ओटा संयोजक टिपोट गर्नुहोस् :**

➲ तर, र, पनि, अथवा, किनभने, त्यसैले, तापनि, वा, अनि, भन्ने

३. **दिइएका संयोजक राखी वाक्य बनाउनुहोस् :**

| | | |
|---|---|---|
| नत्र | : | छिटो लाइनमा बस नत्र पालो ढिलो आउँछ। |
| किन्तु | : | कृषकले अन्न फलाए किन्तु उचित मुल्य पाएनन्। |
| यद्यपि | : | योगमायाले सङ्घर्ष गरिन् यद्यपि उनका माग पूरा भएनन्। |
| पनि | : | हामी पनि यो कार्य गर्न सक्षम छौं। |
| किनभने | : | म बिहानै उठें किनभने आज धारामा पानी आयो। |
| तथापि | : | कोरोना आयो तथापि जनता डराएनन्। |
| न... न | : | न ऊ आउँछ न मलाई जान दिन्छ। |
| भन्ने | | तिमी सहर गयौ भन्ने कुरा मैले थाहा पाएँ। |

## विस्मयादिबोधक

१. **दिइएका वाक्य पढी विस्मयादिबोधक पहिचान गर्नुहोस् :**

➲ (क) आहा ! (ख) हरे !

(ग) छ्या ! (घ) आत्था !

(ङ) स्याबास !

२. **दिइएका खाली ठाउँमा मिल्ने मिस्मयादिबोधक राखी वाक्य पूरा गर्नुहोस् :**

➲ (क) हैट ! कस्तो गर्मी।

(ख) स्याबास ! तिम्रो यो जिन्दगीलाई।

(ग) आहा ! कति सुन्दर अक्षर।

(घ) आच्छु ! कति चिसो हावा।

(ङ) छ्या ! कस्तो दुर्गन्धित कोठा।

३. **दिइएका विस्मयाधिबोधक राखी वाक्य बनाउनुहोस् :**

➲

| | | |
|---|---|---|
| **आम्मा !** | : | आम्मा ! कत्रो बाढी आएको। |
| **स्याबास !** | : | स्याबास ! तिमीले राम्रो अङ्क पाएछौ। |
| **आब्बुइ !** | : | आब्बुइ ! कति लामो सर्प। |
| **छिछि !** | : | कस्तो फोहोर, छिछि ! |
| **ऐया !** | : | ऐया ! कस्तरी ठोक्कियो। |

## निपात

१. **दिइएका वाक्य पढी निपात पहिचान गर्नुहोस् :**

➲ (क) पो (ख) त

(ग) रे (घ) लौ

(ङ) क्यार

२. **दिइएको खाली ठाउँमा मिल्ने निपात राखी वाक्य पूरा गर्नुहोस् :**

➲ (क) ए, मलाई केही थाहा छैन।

(ख) ला, आजलाई विदा ।
(ग) ऊ त आजै आउँछ ।
(घ) ऊ डाक्टर पो हुन चाहन्छ ।
(ङ) तँलाई त केही चाहिँदैन ।
(च) तिमी पनि हिजै आयौ र ?
(छ) उनीहरू सहरमै बस्छन् नि ।

३. **दिइएको निपातहरूलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्नुहोस् :**

| | | |
|---|---|---|
| रे | : | राम विद्यालय जान्छ रे । |
| क्यारे | : | आज दिनभरि घाम लाग्छन् क्यार । |
| है | : | तिमी आज दिभरि घरै बस्नु है । |
| अरे | : | बुबा आज घर आउनु हुन्न अरे । |
| नि | : | कहाँ पुगेर आयौ नि । |
| पो | : | बहिनी आइ भनेको भाइ पो आएछ । |
| ज्यादै | : | ज्यादै, गोरुले मकै सखाप पारेछ । |
| ला | : | ला, गमला फुट्यो अब के गर्ने ? |
| खै | : | खै, मलाई त थाहा छैन । |

## पदवर्गसम्बन्धी अभ्यास

१. **रेखाङ्कन गरिएका पदहरूको पदवर्ग पहिचान गरी लेख्नुहोस् :**

| (क) पद | पदवर्ग |
|---|---|
| स्याबास ! | विस्मयाधिबोधक |
| नै | निपात |
| भन्ने | संयोजक |
| विश्वास | नम |
| त्यो | विशेषण |
| झलझली | क्रियाविशेषण |

| (ख) पद | पदवर्ग |
|---|---|
| आकाशतिर | नामयोगी |
| फर्केर | क्रियाविशेषण |
| सक्छ | क्रिया |
| अरूहरू | सर्वनाम |
| अनौठो | विशेषण |
| र ! | विशेषण |

| (ग) पद | पदवर्ग |
|---|---|
| प्रचुर | विशेषण |
| तापनि | संयोजक |

| | |
|---|---|
| नसक्दासम्म | नामयोगी |
| शङ्का | नाम |
| मान्नुपर्छ | क्रिया |

| (घ) पद | **पदवर्ग** |
|---|---|
| गरिबको | विशेषण |
| माथि | क्रियाविशेषण |
| सुन्दर | विशेषण |
| बन्ला | क्रिया |
| किनभने | संयोजक |
| गरिबीसँग | नामयोगी |

| (ङ) पद | **पदवर्ग** |
|---|---|
| बाटाभरि | क्रियायोगी |
| सामल | नाम |
| अनि | संयोजक |
| आइपुगेर | क्रियायोगी |
| हामी | सर्वनाम |
| कहाँ | क्रियायोगी |
| भाग्यो | क्रिया |

| (च) पद | **पदवर्ग** |
|---|---|
| अग्ला | विशेषण |
| कलकल | क्रियाविशेषण |
| मुनालसँग | नामयोगी |
| सबै | सर्वनाम |
| पर्यटकहरू | नाम |
| स्वागत | नाम |
| र ? | निपात |

| (छ) पद | **पदवर्ग** |
|---|---|
| अरू | सर्वनाम |
| सर्वथा | |
| तर | संयोजक |
| इमान्दारिपूर्वक | नामयोगी |
| यो | विशेषण |
| यिन | सर्वनाम |

| (ज) पद | **पदवर्ग** |
|---|---|
| आहा ! | विस्मयादिबोधक |
| यहाँले | सर्वनाम |

| | |
|---|---|
| असाध्यै | क्रियाविशेषण |
| सुनाउनुभयो | क्रिया |
| भनेर | संयोजक |
| उनले | विशेषण |

## रुपायन

१. **दिइएका शब्दको रुपायन पहिचान गर्नुहोस् :**

१. केटो - केटो - केटी
२. अग्लो - अग्लो -अग्ला
३. म - म, तँ, ऊ
४. लेख् - लेख्छन्, लेख्छौ, लेख्नुहुन्छ
५. बस् - बस्यो, बस्छ, बस्ने छ
६. बस् - बस्दै छ, बसेको छ, बसेछ, बस्थ्यो
७. बस् - बस्यो, बस, बसोस् बस्ला
८. केटो - केटाले, केटालाई, केटाबाट, केटाको, केटामा
९. भन् - भन्छन्, भनिन्छ
१०. रु - रुन्छु, रुदिंन

उदाहरण १ मा 'केटो' को पुलिङ्गी र स्त्रीलिङ्गी रूपहरू दिइएका छन्। उदाहरण २ मा चाहिँ 'अग्लो' को एकवचन र बहुवचन बुझाउने रूपहरू दिइएका छन्। त्यस्तै गरी उदाहरण ३ मा 'म' 'त', 'ऊ' जसता फरक फरक पुरुष जनाउने सर्वनाम छन् भने ४ मा लेख् धातुबाट बनेका आदरबोधक क्रिया छन्। ५ मा 'बस्' धातुबाट बन्ने विभिन्न कालबोधक क्रियापदहरू छन्। उदाहरण ६ मा पनि 'बस्' धातुबाट बन्ने विभिन्न कालबोधक क्रियापदहरू छन्। उदाहरण ७ मा पनि उही धातुबाट बनेका विभिन्न भाव बुझाउने क्रियापदहरू छन् भने उदाहरण ८ मा चाहिँ विभिन्न विभक्तिका चिह्नहरू लागेर विभिन्न कारक बुझाउन सक्ने 'केटो' बाट बनिएका रूपहरू छन्। ९ मा 'झन्' धातुबाट बनेका वाच्य बुझाउने क्रिया छन्। १० मा 'रु' धातुबाट बनेका ध्रुवीयताबोधक क्रिया छन्। यस्ता लिङ्ग, वचन, पुरुष, काल, पक्ष, भाव, कारक, वाचय, ध्रुवीयता जस्ता व्याकरणात्मक कोटिका आधारमा शब्दको रूप परिवर्तन गर्ने प्रक्रिया नै रूपायन हो।

२. **दिइएको अनुच्छेदलाई स्त्रीलिङ्गमा परिवर्तन गर्नुहोस् :**

भान्जा बजार गए। उनले त्यहाँ साथीहरूलाई भेटे। साथीहरूसँग धेरै बेर कुराकानी गरे। कुराकानीकै क्रममा उनले समय बितेको पत्तै पाएनन्। उनी हतार हतार किनमेल गरेर घर फर्किए।

➲ भान्जी बजार गइन्। उनले त्यहाँ साथीहरूलाई भेटिन्। साथीहरूसँग धेरेबेर कुराकानी गरिन्। कुराकानीका क्रममा उनले समय बितेको पत्तै पाइनन्। उनी हतार हतार किनमेल गरेर घर फर्किन्।

३. **दिइएका अनुच्छेदलाई तृतीय पुरुषमा परिवर्तन गर्नुहोस् :**

हामी समयमै विद्यालय पुग्यौं । विद्यालयमा पुगेर तिमीले सबै सामानको निरीक्षण गऱ्यौ । त्यसपछि शिक्षकको निर्देशनअनुसार हामीले परियोजना कार्य गर्न थाल्यौं । यस क्रममा हामीले नयाँ नयाँ वैज्ञानिक तथ्यहरू फेला पाऱ्यौं ।

➲ उनीहरू समयमै विद्यालय पुगे । विद्यालयमा पुगेर तिनीहरूले सबै सामानको निरीक्षण गरे । त्यसपछि शिक्षकको निर्देशन अनुसार उनीहरूले परियोजना गर्न थाले । यस क्रममा उनीहरूले नयाँ नयाँ वैज्ञानिक तथ्य फेला पारे ।

## सिर्जना र परियोजना

१. **दिइएको तस्वीर हेर्नुहोस् र तिनका वरिपरिका पदावलीका आधारमा जीवनी लेख्नुहोस् :**

➲ **सहिद दुर्गानन्द झा (जीवनी)**

हुँदैन बिहान मिमिरिमा तारा झरेर नगए
बन्दैन मुलुक दुईचार सपूत परेर नगए ।

– भूपी शेरचन

नेपाली धरतीमा जबजब अन्यायी, अत्याचारी र क्रुर शासकहरूले खुट्टो घुमाउन थाल्छन् तब त्यसका विरूद्ध लड्न नेपाल आमाले आफ्ना वीर सन्तानलाई यस भूमिमा अवतरण गराउँछिन् । नेपाल आमाका सच्चा सपूत मध्येका एक हुन् दुर्गानन्द झा । दुर्गानन्द झाको जन्म वि.सं. १९९९ मा सिराहा जिल्लाको जटही भन्ने ठाउँमा भएको थियो । उनका बाबुको नाम देव नारायण झा र आमाको नाम देवकी झा हो ।

दुर्गानन्द झा २०१७ सालमा राजा महेन्द्रले लागु गरेको निरंकुश पञ्चायती व्यवस्थाका विरूद्ध लड्ने वीर योद्धा हुन् । जनताबट चुनिएका प्रधानमन्त्री विश्वेश्वरप्रसाद कोइरालालाई हटाएर स्वेच्छाचारी पञ्चायती व्यवस्था लागु गर्ने राजा महेन्द्रको कदमलई उनले खुलेर विरोध गरे । निरंकुश पञ्चायती व्यवस्थाका थालनीकर्ता राजा महेन्द्र २०१८ माघ ९ गते जनकपुर भ्रमणमा रहेका बेला कडा सुरक्षा चुनौतीको सामना गर्दै र आफ्नो ज्यानको बाजी लगाउँदै उनले राजा सवार गाडीमा बम प्रहार गरेका थिए । उक्त बमले राजाको गाडीमा क्षति पुगेको थियो । बम प्रहारपछि दुर्गानन्द केही समयका लागि भारत गएर बसेका थिए ।

सहासी र वीर योद्धा दुर्गानन्द पञ्चायती व्यवस्थाको खुलेरै विरोध गर्ने उद्देश्यले नेपाल फर्के । नेपाल फर्केपछि उनलाई तत्काल पक्राउ गरियो । पक्राउपछि उनलई काठमाडौंको सुन्धारास्थित केन्द्रीय कारागार ल्याइयो र २०२० साल माघ १५ गते राजाको आदेशमा उनलाई फाँसी दिई मारियो । त्यस समय उनी २१ वर्षका थिए ।

दुर्गानन्दमा युवाअवस्थामा नै देश र जनताप्रति अगाध प्रेम रहेको देखिन्छ । उनी प्रजातन्त्रका पक्षधर योद्धा थिए । उनलाई नेपाली इतिहासले तराईमूलका पहिलो सहिद भनेर चिनाएको छ । दुर्गानन्दजस्ता वीर सहिदकै बलिदानका कारण २००७

सालमा प्रजातन्त्र आएको थियो। दुर्गानन्द झा नेपाली धर्तीमा बिर्सनै नसक्ने अमर सहिद हुन्।

२. **दिइएका बुँदाका आधारमा संक्षिप्त जीवनी तयार पार्नुहोस् :**

**झलकमान गन्धर्व**

नेपाली गीत सङ्गीत क्षेत्रका अविस्मरणीय प्रतिभा झलकमान गन्धर्वको जन्म वि.सं. १९९२ वैशाख १२ गते पिता दुर्गाबहादुर गन्धर्व र माता मकैडाली गन्धर्वको कोखबाट भएको थियो। उनको जन्मस्थान कास्की जिल्लाको बाटुलेचौर भन्ने ठाउँ हो। झलकमान गन्धर्वको बाल्यकाल आफ्ना बुबाआमा, हजुरबुबाका साथ बित्यो। उनले औपचारिक रूपमा विद्यालय गएर शिक्षा प्राप्त गर्ने अवसर पाएनन्। उनले अनौपचारिक रूपमा सामान्य लेखपढ गर्न भने सिकेको थिए। उनका हजुरबुबा समेत सङ्गीतमा रूचि राख्ने भएकाले आफ्ना हजुरबुबाबाट लोकगायनमा प्रेरणा प्राप्त गरी नौ वर्षको उमेरमा सारङ्गी बजाउन सुरु गरे।

वि.सं. २०२२ सालबाट उनका गायन यात्राले नयाँ मोड र प्रगतिको मार्ग समात्यो। यस साल उनले गाएको गीत आमाले सोध्लिन् नि .... नेपाली जनमानसमा निकै छाप छोड्न सफल भयो। यो गीतले नै झलकमान गन्धर्वलाई नेपाली सङ्गीत आकाशका चम्किला ताराका रूपमा स्थापित गरायो। २०२४ सालदेखि उनले रेडियो नेपालमा जागिर प्रारम्भ गरे। गायन र सङ्गीतका क्षेत्रमा काम गरेका झलकमानले धेरै लोकगीत सङ्कलन गरेका छन् भने उनका २५० भन्दा बढी रेकर्ड भएका छन्। उनका अल्लारे नानी, राधा पियारी, धानको बाला बोलका गीतहरू निकै प्रसिद्ध छन्। उनले झ्याउरे, कर्खा, ख्याली र भजनहरूमा पनि स्वर दिएका छन्। झलकमानले जर्मनी, युगोस्लाभिया, बेल्जियम र भारत जस्ता विदेशी देशमा पनि आफ्नो साङ्गितीक प्रस्तुति दिएका थिए।

नेपाली सङ्गीत आकाशमा झलकमानले पुऱ्याएको योगदानको कदर गर्दै उनलाई आदिकवि भानुभक्त स्मृति पुरस्कार, इन्द्रराज्यलक्ष्मी पुरस्कार आदिले सम्मान गरिएको छ।